# गत्ताको डिब्बा बनाउने उद्योग सङ्कटमा

By **Reporter** March 11, 2021

39 0

कोलकाता, ११ मार्च २०२१: ईस्टर्न इण्डिया करगैटेड बाक्स मैन्युफैक्चर्रस एसोसिएसनको अध्यक्ष मोहित बजाजले भने, करगैटेड कागज या गत्ताको डिब्बा बनाउने उद्योगको काँचो मालको दाममा बृद्धि भएकोले सङ्कटको सामना गर्न परिरहेको छ।नोभेम्बर २०२० देखि करगैटेड कागज ६०-६५ प्रतिशत बृद्धि भएको छ। त्यही स्टिचिङगको निम्ति लगाउने स्टीलको तार, स्टार्च, लेबर, ट्रान्सपोर्टेशन एवं अन्य चीजहरू दाममा पनि ४० से ५० प्रतिशत बढ़ोतरी भएको छ। आज एउटा कार्यक्रममा ईस्टर्न इण्डिया करगैटेड बक्स मैन्युफैक्चर्रस एसोसिएसनको अध्यक्ष मोहित बजाजले उक्त मन्तब्य गरेका हुन्। तिनले भने, पूर्वी भारतमा यस समय गत्ता बनाउने १००० मैन्युफैक्चरिङ्ग यूनिटस छ। यो उद्योगले लगभग १५ लाख मानिसहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगार दिन्छ। मोहित बजाजले दाममा बढ़ोतरीलाई लिए कागज मिललाई जिम्मेदार बताएको छ। तिनले भने, कोविड-१९ को कारण यूरोप अनि अमेरिकामा बेकार कागजको सङ्ग्रह हुन सकिरहेको छैन। मलाई लाग्छ मिलको दावी सरासर बेबुनियाद हो। सरकारले यस विषयमा चाँडोभन्दा चाँडो हस्तक्षेप गर्नुपर्छ। नत्र उद्योग बन्द गर्नुपर्ने स्थिति आइ पर्नेछ।

बजाजले भने, हामी पूर्वी भारतको सबै यूनिटस ११ मार्च २०२१ देखि लिएर १३ मार्च २०२१ सम्म बन्द राख्न गइरहेका छौं। सरकारसम्म हाम्रो कुरा पुगोस् भने। यस अवसरमा प्रदीप अग्रवाल, अच्युत चन्द्र, भरत केडिया सहित केही व्यक्तिहरू उपस्थित थिए।